# छत्रदेव गाउँपालिका
CHHATRADEV RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

छत्रगञ्ज, अर्घाखाँची
Chhatragunj, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


पत्र संख्या/Letter No.: २०८३।०८४
चलानी नं./Ref. No.:

मितिः २०८३/०६/२३

## बजार व्यवस्थापन, खाद्य सुरक्षा तथा व्यवसाय दर्ता/नविकरण सम्बन्धी सूचना !

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, उपभोक्ता संरक्षण ऐन, २०७५, खाद्य ऐन, २०२३ तथा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१, नेपाल गुणस्तर ऐन, २०३७ र लुम्बिनी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७६ तथा नियमावली, २०७६ बमोजिम यस गाउँपालिका क्षेत्रभित्र बजार व्यवस्थापन र खाद्य सुरक्षालाई सुदृढ गर्न देहाय अनुसार गर्नु/गराउनु हुन अनुरोध छ।

१. छत्रदेव गाउँपालिकाभित्र मिति २०८३ असोज २१ र २२ गते सञ्चालित विभिन्न बजार तथा पसलहरूको अनुगमन गर्ने क्रममा अझै पनि म्याद गुज्रिएका खाद्यवस्तु तथा अखाद्य वस्तु बिक्री-वितरण भइरहेको पाइएको छ। यसअघिको बजार अनुगमनको तुलनामा केही सुधार देखिए तापनि उपभोक्ताको स्वास्थ्य र सुरक्षामा प्रत्यक्ष असर पार्ने यस्ता गतिविधि पूर्ण रूपमा नियन्त्रण गर्नुहुन सूचित गरिन्छ।

२. गाउँपालिकाद्वारा गरिएको पछिल्लो बजार अनुगमनका क्रममा म्याद गुज्रिएका खाद्यवस्तु फेला पारी नष्ट गरिएको साथै त्यस्ता म्याद गुज्रिएका र अखाद्य वस्तुहरू अन्यत्र राखिएको भए तत्काल बिक्री कक्षबाट हटाई सुरक्षित रूपमा नष्ट गर्नुपर्नेछ।

३. यस अघि गरिएको बजार अनुगमनपछि केही व्यवसायीले आफ्नो व्यवसाय दर्ता तथा नवीकरण गरी कानुनी प्रक्रिया पूरा गरेको पाइए पनि अझै केही व्यवसायले व्यवसाय दर्ता तथा नवीकरण नगरेको अवस्था देखिएकाले बजारलाई व्यवस्थित, सुरक्षित तथा उपभोक्तामैत्री बनाउन सूचित गरिन्छ।

४. सम्पूर्ण व्यवसायीहरूलाई म्याद गुज्रिएका तथा उपभोगका लागि अयोग्य वस्तु बिक्री-वितरण नगर्न, वस्तुको मूल्यसूची स्पष्ट रूपमा राख्न तथा उपभोक्ताको स्वास्थ्य र अधिकारप्रति जिम्मेवार बन्न अनुरोध गरिन्छ। साथै उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पार्ने, गुणस्तरहीन वा अखाद्य वस्तु बिक्री-वितरण नगर्न/नगराउन अनुरोध छ।

५. आम उपभोक्तालाई सामान खरिद गर्दा उत्पादन मिति, उपभोग्य मिति, मूल्य तथा गुणस्तर जाँच गरेर मात्र खरिद गर्न र म्याद गुज्रिएका वा अखाद्य वस्तु बिक्री-वितरण गरेको पाइएमा गाउँपालिकामा जानकारी गराउन अनुरोध छ।

६. उपभोक्ताको स्वास्थ्य सुरक्षा, गुणस्तरीय वस्तु तथा सेवाको उपलब्धता र स्वच्छ बजार कायम गर्न गाउँपालिकाको अनुगमन तथा नियमन कार्यलाई निरन्तरता दिइनेछ। कानुनविपरित कार्य गरेको पाइएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिने बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत




CamScanner